२. लकडाउनको असहज परिस्थितिमा गाउँपालिकाले दिर्घ रोगीहरुको निम्ति औषधी व्यवस्थापन गर्दै आईरहेकोमा आज मिति २०७७ असार ९ गते सम्मको सम्पूर्ण बिल बमोजिमको रकम रु.२,३४,४४४।- (दुई लाख चौंतिस हजार चार सय चौवालिस) लाई विपद् व्यवस्थापन कोषबाट खर्च लेखि वितरित औषधिहरु निशुल्क गर्ने निर्णय गरियो र अव उप्रान्त लकडाउनको सहज परिस्थिति सिर्जना नहुन्जेल सम्मको लागि स्वास्थ्य चौकीहरु र स्वास्थ्य शाखा मार्फत दिर्घ रोगीहरुको औषधिलाई सशुल्क व्यवस्थापन र सहजिकरण गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

३. आ.व.२०७७/०७८ बाट लागु हुने गरि मर्स्याङ्दी गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धि कार्यविधि, २०७५ को परिच्छेद १ को दफा २ मा भएको व्यवस्थामा असिन्टेन्ट सव ईन्जिनियरलाई समेत भन्ने व्यवस्था थप गर्ने र परिच्छेद ३को दफा ५ मा भएको व्यवस्थामा प्राविधिक शाखाका ईन्जिनियर, सब ईन्जिनियर र असिस्टेन्ट सब ईन्जिनियरलाई फिल्ड भत्ता शिर्षकमा विनियोजित बजेटबाट प्रति महिना क्रमश रु.१५,०००।-, रु.१२५००।– र रु.१०,०००।- कायम हुने गरि संसोधन गर्ने निर्णय गरियो ।

४. स्थानिय शिक्षा समितिको मिति २०७७ जेष्ठ २१ गतेको निर्णयानुसार समुदाय स्तरमा सिकाई केन्द्रहरु सञ्चालन गर्दै आईरहेकोमा पछिल्लो अवस्थामा कोरोनाको संक्रमण दिनानुदिन बढ्दै गईरहेकोले सुरक्षालाई ध्यानमा राख्दै अर्को निर्णय नभएसम्मको लागि सञ्चालित सम्पूर्ण सिकाई केन्द्रहरुकमो पठान पाठन स्थगित गर्ने निर्णय गरियो ।

४.यस आ.व.को लागि विनियोजित विविध कार्यक्रम खर्चको असक्त, असहाय, विपन्न सहायता कोषबाट निम्नानुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- निरमाया भुजेल, मर्स्याङ्दी - ३, रु.१०,०००।-

५. यस आ.व.को लागि विनियोजित विविध कार्यक्रम खर्चको विपद व्यवस्थापन कोषबाट निम्नानुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- पूर्ण प्रसाद गुरुङ, मर्स्याङ्दी -३, रु. ५,०००।-

६. यस गाउँपालिकाको खुदी स्वास्थ्य चौकी र घेर्मु स्वास्थ्य चौकीमा कार्यरत ल्याब असिस्टेन्टहरु क्रमश पुजा गुरुङ र माया गुरुङको साबिक खाई पाई आएको तलबमा रु.४,०००।- थप गरि २०७७ साउन १ गते देखि लागु हुने गरि प्रति महिना रु.२२,०००।- कायम गर्ने निर्णय गरियो ।

७. Contract No. 06/MRM/ROAD/2076-77 Upgrading of Khudi Siurung Road /Contract No.05/MRM/ROAD/2076-77 Upgrading of Khudi Ghanpokhara Road निर्माण कार्यको सम्झौता अवधि मिति २०७७/०३/१५ सम्म भएकोले निर्माण कार्य नसकिएकोले २०७७ असार ३१ सम्म म्याद थप गर्ने निर्णय गरियो ।

८. सेग्ले खानेपानी आयोजनाको निर्माण कार्यको सम्झौता मिति २०७७ असार २० गते सम्म भएको र उक्त आयोजनाको निर्माण कार्य नसकिएकोले २०७७ असार ३१ सम्म म्याद थप गर्ने निर्णय गरियो।

९. घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धि कार्यविधि २०७५ अनुसार मर्स्याङ्दी -२ घनपोखरा निबासी टोप बहादुर गुरुङलाई घनपोखरा निर्माण सेवा नामक घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र दिने निर्णय गरियो ।

१०. निम्नानुसारको आर्थीक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

- सिस्नेरी खोला तटबन्ध निर्माणको लागि विपद् व्यवस्थापन कोषबाट रु.६६,३७२।- उपलब्ध गराउने निर्णय ।
- रेडियो चौतारीका पत्रकारहरुको क्षमता अभिवृद्धि तथा कार्यलय व्यवस्थापनको लागि विपद् व्यवस्थापन कोषबाट रु.५०,०००।- सहयोग गर्ने निर्णय ।

- दोस्रो आदिवासी जनजाती साँस्कृतिक एवं पर्यटन महोत्सव २०७६ लाई रु.४०,०००।- सहयोग गर्ने निर्णय ।
- मालपोत कार्यालय, लमजुङको श्रेस्ता व्यवस्थापन लगायत कार्यालयमा आउने सेवाग्राहीहरुको लागि आवश्यक स्वास्थ्य सामाग्रीहरु खरिद गर्न विपद् व्यवस्थापन कोषबाट रु. ५०,०००।- सहयोग गर्ने निर्णय ।
- नेपाल निजामति कर्मचारी संगठन, लमजुङलाई रु.२०,०००।- सहयोग गर्ने निर्णय ।

११.सिमलचौर भुमिगत सिँचाई आयोजनाको काम फरक प्रकृतिको भएको हुँदा Drilling Works, Distribution pipe, Electrification works लगायतका काममा जनश्रमदान गर्न नमिल्ने हुँदा उक्त आयोजनाको हकमा उल्लेखित काम बाहेक अन्य कार्यमा मात्र श्रमदानको योगदान रहने गरी कार्य प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

१२. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि आ.व. २०७७/०७८ मा सञ्चालन हुने रोजगारमूलक आयोजनाहरु गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

१३. यस आ.व.मा कोभिड १९ लगायातका विभिन्न परिस्थितिले गर्दा सम्पूर्ण योजनाहरुको निर्माण कार्य सम्पन्न हुन नसकेकोले योजनाहरुको निर्माण सक्नु पर्ने म्याद २०७७ असार मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

१४.निम्नानुसार बजेट रकमान्तर गर्ने निर्णय गरियो ।

**घटाउने**

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | रकम रु हजारमा | कैफियत |
|---|---|---|---|---|
| ८०४३७५०४१०१ | पारिश्रमिक कर्मचारी | | | |
| ८०४३७५०४१०१ | स्थानीय भत्ता | २११११ | १०७६ | |
| ८०४३७५०४१०१ | स्थानीय भत्ता | २११३१ | १६० | |
| ८०४३७५०४१०१ | सवारी साधन ममेत खर्च | २११३१ | १०० | |
| ८०४३७५०४१०१ | स्थानीय भत्ता | २२२१३ | ५० | |
| ८०४३७५०४१०१ | होमस्टे प्रवधेन कार्यक्रम | २११३१ | २०० | |
| ८०४३७५०४१०१ | वन पैदावार सरक्षण, प्रवधेन र व्यवसायीकरण | २२५२२ | ९०० | |
| ८०४३७५०४१०१ | अध्ययन अवलोकन भ्रमण | २२५२२ | ४०० | |
| ८०४३७५०४१०१ | योगदानमा आधारित बीमा कोष खर्च | २२५२९ | ५०० | |
| ८०४३७५०४१०१ | भ्रमण खर्च | २१२१३ | ५०० | |
| ८०४३७५०४१०१ | फिल्ड भत्ता | २२६१२ | ५०० | |
| ८०४३७५०४१०१ | जनचेतनामुलक कार्यक्रम | २११३३ | ४०० | |
| ८०४३७५०४१०१ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २२५१२ | ४०० | |
| | | २११३५ | १२०० | |
| | | | ६३८६ | |

**बढाउने**

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| ८०४३७५०४१०१ | अन्य सेवा शुल्क | | | |
| ८०४३७५०४१०१ | कार्यालय फर्निचर तथा मेसिनरी औजार खरिद | २२४१९ | ९०० | |
| ८०४३७५०४१०१ | सामुदायिक स्वास्थ्य इकाइहरुलाइ अनुदान सहयोग | ३११२२ | १६० | |
| ८०४३७५०४१०१ | मेशिनरी तथा औजार ममेत सम्भार तथा सञ्चालन खर्च | २२५२२ | १७६ | |
| ८०४३७५०४१०१ | मेशिनरी तथा औजार ममेत सम्भार तथा सञ्चालन खर्च | २२२२१ | १०० | |
| ८०४३७५०४१०१ | असक्त,असहाय, विपन्न सहायता कोष | २२२२१ | ५० | |
| ८०४३७५०४१०१ | विविध खर्च | २२५२९ | २०० | |
| ८०४३७५०४१०१ | पारिश्रमिक पदाधिकारी | २२७११ | ४०० | |
| ८०४३७५०४१०१ | पारिश्रमिक पदाधिकारी | २१११२ | १८०० | |
| ८०४३७५०४१०१ | मसलन्द तथा कार्यालय सामाग्री | २१११२ | १६०० | |
| ८०४३७५०४१०१ | कार्यालय फर्निचर तथा मेसिनरी औजार खरिद | २२३११ | ५०० | |
| | | ३११२२ | ५०० | |
| | | | ६३८६ | |